भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

# मूल्य श्रृंखलामा आधारित कार्यक्रमहरु संचालन सम्बन्धी मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०६/११ मा स्वीकृत)

पशुपन्छी, माछा र तिनीहरुबाट उत्पादित पदार्थहरुको मूल्य श्रृखंलाको विकासलाई प्रवर्द्धन गरी बजारीकरणमा टेवा पुऱ्याउन गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी मूल्य श्रृंखलामा आधारित कार्यक्रम वा उद्योग स्थापना तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

**१. आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :**

**१.१ आवेदकको योग्यता :**

क) आवेदक फर्म, समूह, समिति वा सहकारी हुनुपर्नेछ ।

ख) प्रशोधनमा संलग्न प्रस्तावक बाहेक अन्यले एक भन्दा बढी परियोजनामा आबद्ध हुन पाउने छैन।

**१.२ पेश गर्नुपर्ने कागजातहरु :**

क) आवेदकले कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ वमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

ग) पशुपन्छी, माछा र तिनीहरुबाट उत्पादित पदार्थहरुको मूल्य श्रृंखला वृद्धिमा संलग्न कम्तिमा दुई सम्बाहकहरुले (उत्पादन गर्ने र प्रशोधन गर्ने वा उत्पादन गर्ने र बजारीकरण गर्ने वा प्रशोधन गर्ने र बजारीकरण गर्ने) एकै परियोजना अवधारणा बनाई छुटाछुटै प्रस्ताव संयुक्त रुपमा पेश गर्नुपर्नेछ ।

घ) प्रस्ताव पेश गर्दा उत्पादन गर्ने वा प्रशोधन गर्ने वा बजारीकरण गर्ने मध्ये कुनै एक सम्बाहक परियोजनामा प्रत्यक्ष संलग्न नभएमा पनि उक्त सम्बाहकसँगको आबद्धता सुनिश्चित हुने खालको पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको खरिद वा विक्रिसँग सम्बन्धीत सम्झौताका कागजातहरु पेश गर्नुपर्नेछ।तर मूल्य श्रृंखलामा प्रशोधन गर्ने सम्बाहक आवश्यक नभएमा निजसँगको आबद्धता सुनिश्चित हुने कागजातहरु पेश गर्नु बाध्यकारी हुनेछैन।

**२. प्रस्ताव छनौटको लागी मूल्याङ्कनका आधारहरु :**

**क) मूल्याङ्कनका आधारहरु :**

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| १ | **व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना, उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | २० |
| १.१ | **लागत** | **५** |
| १.१.१ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१.५ भन्दा बढी भएको | ५ |

| | | |
|---|---|---|
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भन्दा बढी १:१.५ सम्म भएको | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भएको | ३ |
| **१.२** | **रोजगारी सृजना** | **५** |
| १.२.१ | एकाघर भन्दा बाहिरको कम्तिमा थप एक जनालाई रोजगारी दिने | ५ |
| १.२.२ | एकाघर भन्दा बाहिर रोजगारी नदिने | ३ |
| **१.३** | **उत्पादन र उत्पादकत्व वृद्धि (बजारीकरण गर्नेको हकमा लागु नहुने)** | **५** |
| १.३.१ | हालको उत्पादनमा ४० % वा सो भन्दा बढीले वृद्धि | ५ |
| १.३.२ | हालको उत्पादनमा ४० % भन्दा कमले वृद्धि | ३ |
| **१.४** | **बजारीकरण** | **५** |
| १.४.१ | आफ्नो कूल उत्पादन मध्ये उत्पादन गर्नेले ९०% वा सो भन्दा बढी र प्रशोधन गर्ने र बजारीकरण गर्नेले सत प्रतिशत परिमाण विक्रि गर्ने | ५ |
| १.४.२ | आफ्नो कूल उत्पादन मध्ये उत्पादन गर्नेले ९०% भन्दा कम विक्रि गर्ने र प्रशोधन गर्ने र बजारीकरण गर्नेले सत प्रतिशत भन्दा कम परिमाण विक्री गर्ने | ३ |
| २ | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | **१०** |
| २.१ | **पूर्वाधार** | ५ |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको | ३ |
| **२.२** | **प्राविधिक उपयुक्तता** | **५** |
| **३** | **आवेदकको अनुभव तथा क्षमता** | **५** |
| ३.१ | २ वर्ष वा सो भन्दा बढी | ५ |
| ३.२ | २ वर्ष भन्दा कम | ३ |
| ४ | **लाभान्वित घरधुरी** | **१०** |
| **४.१** | **उत्पादन गर्नेको हकमा** | **१०** |
| ४.१.१ | १० वा १० भन्दा बढी | १० |
| ४.१.२ | १० भन्दा कम | ६ |
| **४.२** | **प्रशोधन गर्नेको हकमा** | **१०** |
| ४.२.१ | प्रशोधन गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या २० वा २० भन्दा बढी भएको | १० |
| ४.२.२ | प्रशोधन गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या २० भन्दा कम भएको | ६ |
| **४.३** | **बजारीकरण गर्नेको हकमा** | **१०** |
| ४.३.१ | बजारीकरण गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या २० वा २० भन्दा बढी भएको वा प्रशोधन गर्नेको संख्या २ वा २ भन्दा बढी भएको | १० |
| ४.३.२ | बजारीकरुण गर्ने सम्बाहकसँग आबद्ध हुने उत्पादकको संख्या २० भन्दा कम भएको | ६ |

| | | |
|---|---|---|
| | वा प्रशोधन गर्नेको संख्या २ भन्दा कम भएको | |
| **५** | **अपेक्षित नतिजा र दिगोपना** | **५** |
| **६** | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **१०** |
| ६.१ | नलिएको | १० |
| ६.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ५ |
| **७** | **मूल्य श्रृंखला वृद्धिमा टेवा** | **३** |
| **८** | **नवीनतम सोच** | **२** |
| **जम्मा** | | **६५** |

ख) परियोजना अवधारणपत्र मूल्याङ्कन गर्दा पेश भएका प्रस्तावहरुलाई छुटाछुटै मूल्याङ्कन गरी प्राप्ताङ्कको औषत निकाली परियोजना छनौट गर्नुपर्नेछ।

***नोटः** कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गर्ने व्यवसाय :

ङ) लाभान्वित घरधुरी संख्या (प्रशोधन गर्ने सम्बाहकले आफूसँग आबद्ध हुने उत्पादक वा बजारीकरण गर्नेको संख्या र बजारीकरण गर्ने सम्बाहकले आफूसँग आबद्ध हुने उत्पादक वा प्रशोधन गर्नेको वा दुवैको संख्या खुलाउने र उत्पादन गर्नेले कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घरधुरी संख्या खुलाउने) :

च) संचालन गरिने क्रियाकलापको विवरण :

| क्र.सं. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कूल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुंजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

छ) आफूले संचालन गर्ने व्यवसायमा आवश्यक हुने कच्चा पदार्थ/पशुपन्छी वा माछा/पशुपन्छी वा माछाजन्य पदार्थ कहाँबाट ल्याउने हो, खरिद सम्झौता खुल्ने कागजहरु समेत राखि खुलाउने :

ज) बुँदा नं ३(छ) मा उल्लेखित कुराको प्रयोग गरी आफूले के उत्पादन गर्ने हो वा मूल्य श्रृंखलाको विकास कसरी हुन्छ खुलाउने :

झ) आफूले उत्पादन गरेको बुँदा नं ३ (ज) अनुसारको वस्तु कसलाई बेच्ने हो विक्री सम्झौता सम्बन्धी कागज राखि खुलाउने :

ञ) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन (वार्षिक कारोबार हुने पशुपन्छी संख्या वा पशुपन्छी जन्य पदार्थको परिमाण वा अन्य), रोजगारी सृजना, आदि):

| क.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| इ) | रोजगारी सृजना (एकाघरको बाहेक) | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |

ट) वार्षिक विक्री गरिने पदार्थको परिमाण खुलाउने :

ठ) नयाँ सोच र व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजनाः

**४. संचानल गरिने क्रियाकलापहरु :**

क) पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरणमा संलग्न मूल्य श्रृंखलाका सम्बाहकहरुलाई स्वीकृत वार्षिक कार्यक्रम अनुसार कूल वजेटको बाँडफाँड निम्नानुसार हुने गरी गर्नुपर्नेछ।

अ) उत्पादन गर्ने सम्बाहकलाई ३० प्रतिशत

आ) प्रशोधन वा बजारीकरण गर्ने सम्बाहकलाई ७० प्रतिशत

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

ख) दूध उत्पादन तथा प्रशोधनः गाईभैंसी, याक चौरीपालनका लागी खोरगोठ निर्माण सुधार गर्न तथा दुग्ध प्रशोधन गर्न चाहिने औजार तथा उपकरण खरीद तथा भौतिक निर्माणका कार्यहरु गर्न अनुदान उपलब्ध गराउन सकिनेछ।

ग) मासु उत्पादन तथा प्रशोधनः बाख्रा/भैंसी/बंगुर र कुखुरा पालनका लागी खोर/गोठ निर्माण तथा मासु प्रशोधनमा चाहिने औजार तथा उपकरण खरीद तथा भौतिक निर्माणका कार्यहरु गर्न अनुदान उपलब्ध गराउन सकिनेछ।

घ) माछा उत्पादन तथा प्रशोधनः पोखरी निर्माण/सुधार कार्यक्रम तथा प्रशोधन गर्न चाहिने औजार तथा उपकरण खरीद तथा भौतिक निर्माणका कार्यहरु गर्न अनुदान उपलब्ध गराउन सकिनेछ ।

ङ) उन तथा पस्मिना उत्पादन तथा प्रशोधनः भेडा/च्याङ्ग्रापालनका लागी खोरगोठ निर्माण सुधार कार्यक्रम तथा प्रशोधन गर्न चाहिने औजार तथा उपकरण खरीद तथा भौतिक निर्माणका कार्यहरु गर्न अनुदान उपलब्ध गराउन सकिनेछ।

च) दूध तथा दुग्धजन्य पदार्थ, मासु तथा मासुजन्य पदार्थ र पस्मिना संकलन वा बजारीकरणः आवश्यक औजार तथा उपकरण खरीद तथा बिक्री कक्ष निर्माण/सुधारका कार्यहरु गर्न अनुदान उपलब्ध गराउन सकिनेछ।

छ) प्रशोधन तथा बजारीकरणको कार्य एकै प्रस्तावकबाट हुने भएमा कुनै एक सम्बाहकको लागि मात्र अनुदान उपलब्ध हुनेछ।